# खोटो सङ्कलन कार्यविधि, २०८१

**प्रस्तावनाः** कर्णाली प्रदेशको वन क्षेत्रभित्र पाईने खोटेसल्लाको उचित व्यवस्थापन गरी यसमा आधारित रोजिन एण्ड टर्पेन्टाईन उद्योगहरुलाई आवश्यक पर्ने कच्चा पदार्थ दिगोरुपमा उपलब्ध गराउन र खोटो सङ्कलन सम्बन्धमा आवश्यक प्रक्रियाहरुको निर्धारण गरी खोटे सल्लाको दिगो रुपमा संरक्षण, सम्वर्धन एवम् खोटो सङ्कलन सम्बन्धी काम कारवाहीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाई यसको सदुपयोगलाई सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश वन ऐन, २०७८ को दफा ८५ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधी वनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "खोटो सङ्कलन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुगमन" भन्नाले खोटो सङ्कलन गर्ने क्षेत्रमा खोटो सङ्कलन भई रहेको समयमा वा सङ्कलन कार्य सम्पन्न भए पश्चात तत् सम्बन्धी भए गरेका कार्य स्वीकृत कार्ययोजना बमोजिम ठीक तरीकाले भए नभएको विषयमा स्थलगत रुपमा गई अध्ययन तथा निरीक्षण गर्ने र सो को प्रतिवेदन पेश गर्ने कार्यलाई सम्झनु पर्छ।

(ख) "अभिवृद्धि वृक्षारोपण (इनरिचमेन्ट प्लान्टेसन)" भन्नाले आंशिक रुपमा रुख विरुवाले ढाकेको बीच-बीचमा रहेको खाली ठाउँमा गरिने वृक्षारोपणलाई सम्झनु पर्छ।

(ग) "अधिकार प्राप्त अधिकारी" भन्नाले सम्बन्धित डिभिजन वन कार्यालयको डिभिजनल वन अधिकृतलाई सम्झनु पर्छ र त्यस्तो अधिकृत नियुक्त नभएको अवस्थामा प्रदेश सरकारले तोकेको अधिकृतलाई समेत जनाउँछ।

(घ) "अन्तिम जाँच" भन्नाले उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटो सङ्कलन गर्ने काम गर्न इजाजत पाएको वनमा खोटो सङ्कलन, घाटगद्दी र छोडपूर्जी समेतका सम्पूर्ण कार्य सम्पन्न भएपछि डिभिजन वन कार्यालय र उद्योगले तोकेको प्रतिनिधिको उपस्थितिमा प्रदेश वन निर्देशक वा निजले खटाएको कर्मचारीले खोटो सङ्कलन गर्ने करारनामा बमोजिम तोकिएको अवधि समाप्त भएपछि वा अन्य कुनै कारणबाट खोटो सङ्कलन गर्ने कार्य छोड्नु पर्ने भएमा सो बखत गरेको जाँचलाई सम्झनु पर्छ।

(ङ) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम खोटो प्रशोधन गर्न स्थापित उद्योगलाई सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम वन क्षेत्रबाट खोटो सङ्कलन गर्न इजाजत प्राप्त गरेका रोजिन एण्ड टर्पेन्टाइन उद्योगलाई समेत जनाउँछ।

(च) "ऐन" भन्नाले कर्णाली प्रदेश वन ऐन, २०७८ सम्झनु पर्दछ।

(छ) "कामदार" भन्नाले उद्योग वा खोटो सङ्कलन गर्ने निकायबाट रिल निर्माण, खोटो सङ्कलन तथा ढुवानी, वन जङ्गल लगायत डिपो तथा घाटगद्दीमा रहेको खोटो संरक्षण गर्न खटाईएका व्यक्तिलाई सम्झनु पर्छ।

(ज) "कुप" भन्नाले क्षेत्र अन्तर्गत खोटो सङ्कलन गर्ने उद्देश्यले खोटो सङ्कलन गर्न योग्य भएका सरदर दशहजार वटा रुख भएको स्पष्टसँग चार किल्ला तोकी छुट्याईएको वन

क्षेत्रलाई सम्झनु पर्छ र सो शब्दले कुनै क्षेत्रमा कम्तीमा एकहजार वटासम्म खोटो सङ्कलन गर्न योग्य रुखहरु भएमा त्यस्तो वन क्षेत्रलाई समेत जनाउँछ।

(झ). "खोटो" भन्नाले नियमावलीको अनुसूची-६ को (छ) (७) बमोजिम सल्लाको खोटो सम्झनु पर्छ।

(ञ) "खोटो सङ्कलन गर्न योग्य रुख" भन्नाले जमीनको सतहबाट एक मिटर तीस सेन्टीमिटर (छातिको उचाई) मा कम्तिमा तीस सेन्टीमिटर वा सो भन्दा बढी व्यास भएका खोटेसल्लाको रुखलाई सम्झनु पर्दछ।

(ट) "खोटो सङ्कलन गर्ने निकाय" भन्नाले प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट तोकिएको वन क्षेत्रमा खोटो सङ्कलन गर्न इजाजत प्राप्त गरेका संघ वा संस्था सम्झनु पर्दछ र सो शब्दले त्यस प्रकारको इजाजत प्राप्त गर्ने उद्योगलाई समेत जनाउँछ।

(ठ) "घाटगद्दी" भन्नाले सङ्कलन भएको खोटोलाई विक्री वितरण, ओसार पसार वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न डिभिजन वन कार्यालयले तोकेको ठाउँलाई सम्झनु पर्छ।

(ड) "डिपो" भन्नाले सङ्कलित खोटो सुरक्षित राख्न डिभिजन वन कार्यालयको सहमति लिई स्थापना भएको वा डिभिजन वन कार्यालयले तोकिदिएको स्थानलाई सम्झनु पर्छ।

(ढ) "रिल प्रविधि" भन्नाले परिच्छेद-४ मा उल्लेख भए बमोजिमको खोटो निकाल्ने तरिका सम्झनु पर्छ।

(ण) "नियमावली" भन्नाले कर्णाली प्रदेश वन नियमावली, २०८० सम्झनु पर्छ।

(त) "वार्षिक अनुगमन" भन्नाले खोटो सङ्कलन गर्ने काम गर्न पाएको वनमा खोटो सङ्कलन तथा घाटगद्दी र छोडपूर्जी आदि सम्पूर्ण कार्य सम्पन्न भएपछि डिभिजन वन कार्यालय र उद्योगले तोकेको प्रतिनिधिको उपस्थितिमा प्रदेश वन निर्देशक वा निजले खटाएको कर्मचारीले खोटो सङ्कलन गर्ने अवधि समाप्त भएपछि हरेक वर्ष गर्ने स्थलगत अनुगमनलाई सम्झनु पर्छ।

(थ) "सल्ला" भन्नाले वन क्षेत्रमा पाईने खोटेसल्ला (पाइनस रोक्सवरघाई) सम्झनु पर्छ।

(द) "सबकुप" भन्नाले कुप अन्तर्गत बार्षिक कार्य सञ्चालन तथा एकजना कामदारको कार्य क्षेत्रको ईकाइको हिसावले खोटो सङ्कलन गर्न सहज हुने गरी खोटो सङ्कलन गर्न योग्य भएका सरदर आठ सय देखि एक हजार पाँच सय वटा सम्म रुख भएको स्पष्टसँग चार किल्ला तोकी छुट्याएको वन क्षेत्रलाई सम्झनु पर्छ।

(ध) "सर्वेक्षण एवम् अनुसन्धान गर्ने निकाय" भन्नाले वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले वन सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गर्न नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यता पाएको संघ, संस्था वा इजाजत प्राप्त व्यक्तिलाई समेत जनाउँछ।

(न) "सुपरभाईजर" भन्नाले कामदारहरुको कामको निरिक्षण गर्न उद्योग वा खोटो सङ्कलन गर्ने निकायबाट खटाईको व्यक्ति वा कर्मचारीलाई सम्झनु पर्छ।

(प) "क्षेत्र" भन्नाले खोटो सङ्कलन गर्ने उद्देश्यले डिभिजन वन कार्यालयले खोटो सङ्कलन गर्न योग्य रुखहरुमा नम्वरिङ्ग गरी स्पष्टसँग चार किल्ला तोकी छुट्याएको वन क्षेत्रलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## स्रोत सर्वेक्षण तथा क्षेत्र छनौट सम्वन्धी व्यवस्था

३. **स्रोत सर्वेक्षण तथा आधारभुत तथ्याङ्क सङ्कलन गर्नु पर्नेः** (१) डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्रका सरकारद्वारा व्यवस्थित वनका खोटे सल्लाको स्थानीय तह अनुसार र सामुदायिक वन उपभोक्ता समुहले आफ्नो क्षेत्रभित्र रहेका खोटे सल्लाको सम्पूर्ण रुखहरुको गणना गरी स्रोत सर्वेक्षण तथा आधारभुत तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्रोत सर्वेक्षण गर्दा स्रोत सर्वेक्षण सम्बन्धमा नेपाल सरकार मातहतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा प्रदेश सरकार मातहतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले कुनै विधि वा प्रक्रिया निर्धारण गरेको भए सोही बमोजिम गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्रोत सर्वेक्षण तथा आधारभुत तथ्याङ्क सङ्कलन कार्य गर्दा सरकारद्वारा व्यवस्थित वनको हकमा डिभिजन वन कार्यालय आफै वा त्यस्तो कार्य गर्न मान्यता प्राप्त निकाय, व्यक्ति वा संस्थाबाट र सामुदायिक वनको हकमा सम्बन्धित सामुदायिक वन आफै वा सामुदायिक वनसँग सम्झौता गरेको उद्योग वा कम्पनीबाट हुनेछ।

(४) स्थलगत रुपमा गई नाँप लिईएका नमूना प्लटको निरीक्षण तथा सर्वेक्षणको विवरण फिल्ड रेकर्डमा आधिकारीक र भरपर्दो गरी सुरक्षित राख्नु पर्नेछ।

(५) यस दफा बमोजिम गरिएको स्रोत सर्वेक्षण पाँच वर्षको अवधिसम्म मात्र मान्य हुनेछ।

(६) सामुदायिक वनको उपदफा (१) बमोजिम गरिएको स्रोत सर्वेक्षण तथा आधारभुत तथ्याङ्क सङ्कलन सम्बन्धी विवरण सम्बन्धित सामुदायिक वनको वन व्यवस्थापन कार्ययोजनामा समावेश भएको हुनु पर्नेछ।

४. **तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्नु पर्नेः** (१) दफा ३ बमोजिमको स्रोत सर्वेक्षणको आधारमा समग्र खोटेसल्लाका रुखहरूको औसत साइज (एभरेज स्टयान्ड साइज) र औसत छत्र–घनत्व (क्राउन कभरेज) पहिचान गरी त्यसको आधारमा खोटेसल्लाका वनलाई वर्गीकरण गरी सो क्षेत्रको नक्सा सहित चार किल्ला स्पष्टसँग यकिन गर्नु पर्नेछ।

(२) उपदफा (२) बमोजिमको विवरण, क्षेत्र तथा कुपको आधारमा वन क्षेत्रहरुको नामाकरण स्पष्टसँग उल्लेख भएको हुनु पर्नेछ।

(३) दफा ३ बमोजिमको स्रोत सर्वेक्षणको तथ्याङ्कको आधारमा हरेक कुपको छुट्टाछुट्टै हिसाब गरी दिगोरुपमा उपलब्ध हुन सक्ने खोटोको वार्षिक परिमाण स्पष्टसँग खुल्ने गरी स्रोत सर्वेक्षण कार्ययोजना सहितको प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम डिभिजन वन कार्यालयले तयार गरेको प्रतिवेदन भए सो प्रतिवेदन उपर आवश्यक परेमा प्रदेश वन निर्देशानलयले प्राविधिक टोली गठन गरी वा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सो प्रतिवेदनको प्राविधिकरुपले गुणस्तर परिक्षण गरी वा गराई उपयुक्त देखिएमा प्रदेश वन निर्देशानलयले प्रतिवेदन स्वीकृत गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम सामुदायिक वन उपभोक्ता समुहले तयार गरेको प्रतिवेदन डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ तथा प्राविधिकरुपले गुणस्तर परिक्षण गरी वा गराई उपयुक्त देखिएमा डिभिजन वन कार्यालयले त्यस्तो प्रतिवेदन स्वीकृत गर्न सक्नेछ।

५. **क्षेत्र छनौट तथा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने**: (१) दफा ४ बमोजिमको प्रक्रिया पुरा गरी स्वीकृत भएको प्रतिवेदन बमोजिम खोटे सल्लाको खोटो दिगो रुपमा सङ्कलन गर्न सकिने परिमाणलाई समेतका आधारमा खोटो सङ्कलन गर्ने क्षेत्र निर्धारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षेत्रलाई सम्बन्धित वन व्यवस्थापन कार्ययोजनामा समावेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम निर्धारित क्षेत्र र उपदफा (२) बमोजिम सम्बन्धित वन व्यवस्थापन कार्ययोजनाको अधीनमा रही प्रचलित वातावरण संरक्षण सम्बन्धी प्रदेश कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा खोटो सङ्कलन गर्ने विधि र तरिका उल्लेख गर्नु पर्नेछ।

(५) उपदफा (३) र (४) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएपछि स्वीकृत प्रतिवेदनको आधारमा खोटो सङ्कलन गर्ने क्षेत्रको छनौट गर्नु पर्नेछ।

(६) यस दफा बमोजिम क्षेत्र छनौट र वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा दफा ४ बमोजिम स्वीकृत स्रोत सर्वेक्षण कार्ययोजना सहितको प्रतिवेदनको आधारमा गर्नु गराउनु पर्नेछ।

## परिच्छेद-३

## कुप निर्माण तथा तत् सम्बन्धी अन्य व्यवस्था

६. **रुख गणना तथा कुप निर्माण गर्नु पर्ने**: (१) दफा ५ को उपदफा (५) बमोजिम खोटो सङ्कलन गर्ने क्षेत्र छनौट गर्ने कार्य सम्पन्न भए पश्चात सो क्षेत्रमा भएका खोटो सङ्कलन गर्न योग्य रुखहरुको संख्या गणना गरी यकिन गर्नु पर्नेछ।

(२) एउटै वन क्षेत्रमा तीस हजारभन्दा बढी खोटो निकाल्न सकिने योग्य रुखहरु भएमा कामदारहरुलाई निरीक्षण तथा अभिलेख राख्न सजिलो हुने गरी वनको प्रकृति अनुसार सरदर दश हजारसम्म रुखहरु पर्ने गरी सो क्षेत्रलाई कुपमा विभाजन गर्नु पर्नेछ।

तर कुनै क्षेत्रमा दश हजारभन्दा कम रुखहरु भएको अवस्थामा एउटै कुप मान्न कुनै बाधा परेको मानिने छैन।

(३) रुख गणना (इनुमिरेसन), कुप विभाजन तथा रुख नम्बरिङ्ग गर्ने कार्य उद्योग वा खोटो सङ्कलन गर्ने निकायले आफ्नै लगानीमा सम्पन्न गर्नु पर्नेछ।

(४) उपदफा (२) बमोजिम कुप विभाजन कार्य सम्पन्न भैएपछि बार्षिक कार्य सञ्चालन तथा एकजना कामदारको कार्य क्षेत्रको ईकाइको हिसावले कुपलाई सबकुपमा विभाजन गर्नु पर्नेछ। यसरी सबकुप बनाउँदा प्रति सबकुपमा आठ सय देखि एक हजार पाँच सयसम्म रुखहरु पर्ने गरी छुट्याएर उद्योग वा निकायद्धारा रिल बनाउन तथा सङ्कलन कार्य गर्न एकजना कूप कामदार नियुक्त गरी जिम्मा लगाउनु पर्नेछ।

(५) रुख गणना र कुप निर्माण कार्य खोटो सङ्कलन कार्य शुरु गर्नु भन्दा कम्तीमा दुई महिना अघि गरी सक्नु पर्नेछ।

(६) रुख गणना र कुप निर्माण कार्य सम्पन्न भएपछि उद्योगले अनुसूची-१ बमोजिमको ढाँचामा रुख गणनाको रजिष्टर खडा गरी अभिलेख राख्नु पर्नेछ।

(७) गणना भएका रुखहरुलाई स्पष्टसँग छुट्टिने गरी अनुसूची-२ बमोजिमको ढाँचामा नम्बरिङ्ग गरी राख्नु पर्नेछ।

(८) रुख गणना कार्य कम्तीमा हरेक पाँच वर्षमा गर्नु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको अवधिमा कुनै रुख मरेका वा नासिएमा त्यस्ता रुखहरु मर्नु वा नासिनुको कारण सहितको यथार्थ विवरण अधिकार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको विवरण प्राप्त भएमा अधिकार प्राप्त अधिकारीले प्राप्त विवरणमा उल्लिखित प्रकृती अनुसार कारवाही गर्ने, मिनाहा गर्ने तथा जिम्माबाट हटाउने लगायतका काम कारवाहीको टुङ्गो लगाउनु पर्नेछ।

(११) उपदफा (१०) मा जुनसुकै लेखिएको भए तापनि प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट रुखहरु मर्न गएमा खोटो सङ्कलन गर्न इजाजत प्राप्त गरेको निकायले सोको जानकारी तुरुन्तै डिभिजन वन कार्यालयलाई दिनु पर्नेछ र यसरी जानकारी प्राप्त भएमा डिभिजन वन कार्यालयले आवश्यक जाँचबुझ गरी हानी नोक्सानीको प्रकृतिको वास्तविकता हेरी आवश्यक कारवाही गर्नु पर्नेछ।

७. **<u>रुख छनौट गर्ने</u>:** (१) रुखहरुको छनौट गर्दा चोटपटक लागेको, टुप्पो भाचिएको र ज्यादै भिरालो तथा भू-क्षय हुन सक्ने स्थानमा रहेका रुख बाहेक जमीनको सतहबाट एक मिटर तीस सेन्टीमिटर (छातिको उचाई) मा तीस सेन्टिमिटर वा सो भन्दा बढी ब्यास भएका रुखहरूको छनौट गरी गणना गर्ने कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रुख छनौट गर्दा खोटे सल्लाको पुनरुत्पादनमा असर नपर्ने र भविष्यमा कुनै किसिमको रोग, कीराको आक्रमण वा प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट खोटे सल्लाको वनमा पर्न सक्ने उल्लेखनीय प्रतिकूल प्रभाव न्यून गरी त्यस प्रजातिको अस्थित्व कायम राखी दिगो संरक्षण र सदुपयोगलाई सुनिश्चित गर्न खोटो सङ्कलन गर्न योग्य रुखहरु मध्येबाट प्रति हेक्टर चार देखि पाँचवटासम्म स्वस्थ रुखहरू खोटो सङ्कलन नगरी छोड्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम रुखहरु छोड्दा वनको घनत्व, अवस्थिति र दूरी समेतलाई आधार मानी सबै स्थानको प्रतिनिधित्व हुने गरी छोड्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम छोडिएका रुखहरुलाई स्पष्टसँग छुट्टिने गरी अनुसूची-२ बमोजिमको ढाँचामा रुखमा प्रतिकूल असर नपर्ने गरी नम्बरिङ्ग गरी चिन्ह लगाई राख्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिम छोडिएका रुखहरुको विवरण अनुसूची-३ बमोजिमको ढाँचामा रजिष्ट्र बनाई अभिलेख राख्नु पर्नेछ।

(६) खोटो सङ्कलनका गर्दा प्रतिरुख वार्षिक सरदर तीन दशमलव पाँच देखि पाँच किलोग्रामका हिसाबमा हुने रुखहरूको छनौट सोही बमोजिम रिल निर्माण गरी रिल प्रविधिका आधारमा खोटो सङ्कलन कार्य गर्नु पर्नेछ।

(७) खोटो सङ्कलनका लागि गरिने रुख छनौट लगायतका तयारीका सबै कार्यहरु प्रत्येक वर्षको फाल्गुण महिनासम्ममा गरी सक्नु पर्नेछ।

८. **<u>रुखहरु जिम्मा रहने</u>:** डिभिजन वन कार्यालयले दफा (६) बमोजिम गणना भई दफा (७) बमोजिम छनौट भएका सम्पूर्ण रुखहरु पहिलो वर्षमा नै उद्योग वा खोटो सङ्कलन गर्ने निकायको

जिम्मा लगाउनु पर्नेछ र यसरी जिम्मा लगाईएका रुखहरु र ती रुखहरु भएको वनक्षेत्रको संरक्षण गर्ने दायित्व सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकायको हुनेछ।

९. **खोटो सङ्कलन डिपोको स्थापना**: (१) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले सङ्कलित खोटो राख्न डिभिजन वन कार्यालयले तोकेको स्थानमा खोटो सङ्कलन डिपो स्थापना गर्नु पर्नेछ।

(२) खोटो सङ्कलन डिपो स्थापना गर्ने स्थान छनौट गर्दा सम्भव भएसम्म सबै कूपहरूलाई पायक पर्ने गरी र प्रत्येक कूपको नियमित निरीक्षण हुनसक्ने कुरालाई समेत विचार गरी गर्नु पर्नेछ।

(३) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले उपदफा (१) बमोजिम स्थापना गर्ने वा गरेको खोटो सङ्कलन डिपो रहने स्थानको जिपिएस कोअर्डिनेट र स्थलगत आकृति देखिने चित्र तथा सोको विवरण वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ।

१०. **अम्लको मिश्रण बनाउने विधि**: (१) खोटो सङ्कलनगर्दा बनाइने रिलको प्वालबाट खोटोको बहाव बढाउन उत्तेजकको रूपमा प्रयोग गरिने अम्लको मिश्रण बनाउँदा बढीमा बीस प्रतिशत गाढापन (कन्सन्ट्रेसन) शक्तिको पातलो गरिएको गन्धक अम्ल (डाईलियूट सल्फ्यूरिक एसिड) र नाईट्रिक अम्ल (डाइलियूट नाइट्रिक एसिड) १:१ को अनुपातको मिश्रण प्रयोग गर्नु पर्नेछ।

(२) तयारी अम्लको मिश्रण उद्योग वा खोटो सङ्कलन गर्ने निकायले कामदारलाई मात्र वितरण गरी कामदारलाई अम्लको सुरक्षित प्रयोगका लागि आवश्यक पर्ने ज्ञान वा सिप समेत उपलब्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको खोटो सङ्कलन गर्दा बीस प्रतिशत गाढापन (कन्सेनट्रेसन) शक्तिको भन्दा बढी शक्तिको अम्लको मिश्रण प्रयोग गर्न पाईने छैन।

(४) अधिकार प्राप्त अधिकारीले अम्लको मिश्रणको गाढापन वा शक्ति बढी भएको कारणबाट रुख मर्न गएको वा रुखमा कुनै प्रकारको प्रतिकूल प्रभाव परेको शंका लागी अम्लको मिश्रणको गाढापन वा शक्ति जाँच गर्न उपयुक्त ठानेमा उद्योग वा खोटो सङ्कलन गर्ने निकायको प्रतिनिधिको रोहवरमा नमूना लिई शिलबन्दी गरी वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र वा मान्यता प्राप्त अन्य निकाय मार्फत् रासायनिक परीक्षणको लागि पठाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको परीक्षणको लागि प्राप्त भएको नमूना परीक्षण हुँदा मापदण्डभन्दा बढी गाढापन वा शक्ति भएको अम्लको मिश्रण प्रयोग गरेको प्रमाणित भएमा अधिकार प्राप्त अधिकारीले सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकायलाई उक्त क्षेत्रमा कम्तीमा एक सिजनका लागि खोटो सङ्कलन गर्नबाट बन्देज लगाउन लगाई प्रचलित कानून बमोजिम कारबाही गर्न सक्नेछ।

## परिच्छेद-४

## रिल निर्माण, खोटो सङ्कलन तथा तत् सम्बन्धी अन्य व्यवस्था

११. **रुखमा रिल बनाई खोटो सङ्कलन गर्नु पर्ने**: (१) रिल बनाउने कार्य खोटो सङ्कलन गर्नु भन्दा कम्तीमा सात देखि दश दिन अगाडि शुरु गर्नु पर्नेछ त्यसरी रिल बनाउँदा बाटोको छेउछाउमा नगरी सकेसम्म बाटोबाट नदेखिने साइडमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रिल निर्माण गर्दा नम्बर लगाई छानिएका रुखहरूमा मात्र गर्नु पर्नेछ त्यसरी रिल निर्माण गर्दा खोटो सङ्कलन गर्न छानिएका रुखहरुको फेदबाट एक मिटरको अर्धव्यास क्षेत्रभित्र रहेका सुकेका पात पतिङ्गर र झारपात सफा गर्नु पर्नेछ।

(३) रिल निर्माण एवम् खोटो सङ्कलन कार्यगर्दा कामदारलाई सकेसम्म समोच्च रेखा (कन्ट्रोर लाइन्स) को समानान्तर बाटोबाट हिंड्न निर्देशन दिनु पर्नेछ।

(४) खोटो सङ्कलनको कार्यमा प्रयोग हुने बोक्रा ताछ्ने (बार्क सेभर), रिल बनाउने चक्कु र सेन्ट्रल ग्रुभ कटर जस्ता औजारहरु राम्रो धार भएको हुनु पर्नेछ।

(५) खोटो सङ्कलन कार्यलाई सहज बनाउन प्रयोग गरिने कुपी सकभर बढी खप्ने टिनको वा अन्य धेरै समय खप्ने वस्तु वा धातुको पाताबाट बनाउनु पर्नेछ।

(६) रिल निर्माण गर्न छानिएका रुखको फेदबाट पन्ध्र सेन्टीमिटर माथि मूल काण्डको ४५ सेन्टी मिटर x ३० सेन्टी मिटरबराबरको क्षेत्रबाट बोक्रा ताछ्ने औजार (बार्क सेभर) को सहायताबाट सुकेका बोक्रा ताछी सफा गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम सफा गरिएको ठाउँमा ३२ सेन्टी मिटर x १६ सेन्टी मिटर साइजको ब्लेज फ्रेमको मद्दतबाट मार्किङ गेजद्वारा चिनो लगाई ब्लेजको साइज तयार गर्नु यसरी ब्लेजको साइज तयार गर्दा सोको ठीक बीचमा एउटा लामो चार मिलिमिटर गहिरो र सात देखि नौ मिलिमिटर चौडा खाँच सेन्ट्रल ग्रुभ कटर प्रयोग गरी बनाउनु पर्नेछ र खाँचको दुवैतिर पैचालिस डिग्रीको कोण बनाई चक्कु (फ्रेसनिङ्ग नाईफ) को सहायताबाट दुई मिलिमिटर गहिरो रिल बनाउनु पर्नेछ।

(८) खाँचको फेदमा ७ सेन्टी मिटर x ६.५ सेन्टी मिटरको टिनको पत्ती (लिप) बोक्रामा घुसारी टिनको पत्तीको दुई दशमलव पाँच सेन्टिमिटर तल एक मसिनो ल्वाङ्ग किलाको सहायताबाट टिनकै कुपी रिलबाट खाँच भएर खोटो सङ्कलन हुन सक्ने गरी झुन्डयाउनु पर्नेछ।

(९) रुखमा रिल निर्माण गर्ने कार्य तालिम प्राप्त कामदारको मात्र प्रयोग गर्नु पर्नेछ।

(१०) रुखमा रिल निर्माण गर्ने कार्य जथाभावी रुपमा बनाइएको वा उपदफा (७) मा उल्लेख भएभन्दा गहिरो घाऊ पारिएको जानकारी प्राप्त भएमा वा डिभिजन वन कार्यालयले अनुगमन तथा निरीक्षण गरी अनुगमन तथा निरीक्षणगर्दा त्यस्तो देखिन आएमा त्यस्तो कार्यलाई तत्काल रोक्न लगाई उद्योग वा खोटो सङ्कलन गर्ने निकायलाई सचेत गराउनु पर्नेछ।

(११) पहिलो पल्ट रिल बनाई खोटो सङ्कलन गरेको तीन दिनपछि पूनः त्यसमाथि पाँच मिलिमिटरको फरकमा एक पटकमा एकातिर र अर्को तीन दिन पछि अर्को तिर एक रिल बनाउँदै जाने र सोही रीतले प्रत्येक हप्तामा दुबै तर्फ एक-एक वटा नयाँ रिल थप्दै जान सकिनेछ।

(१२) उपदफा (११) बमोजिम नयाँ रिल बनाई सकेपछि स्प्रे बोटल (Spray Bottle) बाट रिलमा पर्ने गरी बढीमा बीस प्रतिशतको अम्ल–मिश्रणको झोल रुखलाई उल्लेखनीय प्रतिकुल प्रभाव नपर्ने गरी छर्किनु पर्नेछ यसरी अम्ल मिश्रण छर्दा स्प्रे बोतलबाट कम्तिमा तीन देखि पाँच सेन्टिमिटर टाँढा रहने गरी छर्कनु पर्नेछ।

(१३) आठ महीनाको एक सिजनमा (चैत्रदेखि कार्तिकसम्म) बढीमा ३२/३२ वटा रिल बनाई एक रिल देखि अर्को रिलको दूरी वीच समानता र गहिराईमा एकरुपता ल्याउन फ्रेसनिङ्ग नाइफको गाईडको प्रयोग गर्नु पर्नेछ।

(१४) पहिले बनाइएको ब्लेजमा एकमाथि अर्को थप्दै पाँच बर्षसम्म खोटो सङ्कलन गर्नु पर्नेछ र सो अवधिपछि पनि खोटो सङ्कलन गर्नु पर्ने भएमा पहिलो ठाउँमा बनाइएको ब्लेजको लाइनबाट एकातर्फ सात दशमलम पाँच सेन्टीमिटर छोडी अर्को ठाउँमा ब्लेज तयार गरी पूनः सोही प्रक्रियाबाट रिल निर्माण गरी खोटो सङ्कलन गर्नु पर्नेछ।

(१५) खोटो कुपीमा भरिई बाहिर गई नोक्सानी हुन नदिन भरिनु अघि अर्को भाँडामा खन्याई सङ्कलन गरी राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१६) उद्योग वा खोटो सङ्कलन गर्ने निकायबाट खटिएका सुपरभाइजर तथा खोटो सङ्कलन गरिने सम्बन्धित क्षेत्रको सव डिभिजन वन कार्यालयका कर्मचारीद्वारा छनौट गरी नम्बर लगाइएका रुखहरूमा मात्र रिल निर्माण गरिए नगरिएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ।

(१७) उपदफा (१६) बमोजिमको प्रतिवेदनबाट कुनै किसिमको अनियमित कार्य भए गरेको भनी पेश भएकोमा डिभिजनल वन अधिकृतले सो सम्बन्धमा आवश्यक कारबाही गर्नु पर्नेछ।

(१८) खोटो सङ्कलन गर्ने अर्को सिजन शुरु हुनुभन्दा अगाडि काम नलाग्ने कुपीहरू एकत्रित गरी वनक्षेत्र बाहिर सुरक्षितरुपमा ल्याई डिस्पोज गरि सक्नु पर्नेछ।

१२. **<u>खोटो संकलन गर्ने अवधिः</u>** खोटो सङ्कलन गर्ने वन क्षेत्र छनौट, रुख गणना, कुप निर्माण, ढुवानी र प्रशोधनका कार्य बाहेक खोटो सङ्कलन गर्ने कार्य प्रत्येक वर्षको चैत्र एक गते देखि कार्तिक मसान्तसम्म (वर्षको आठ महिना) मात्र गर्नु पर्नेछ।

१३. **<u>खोटो ढुवानी सम्बन्धी कार्यविधिः</u>** (१) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटो ढुवानी गर्दा देहाय बमोजिम गर्नु पर्नेछः-

(क) प्रत्येक कूपबाट सङ्कलन गरिएको खोटोलाई टिन वा अन्य त्यस्तै भाँडामा खन्याई तोकिएको पायक पर्ने डिपोमा ढुवानी गरी सुरक्षित साथ पुऱ्याउने व्यवस्था मिलाउनु पर्ने,

(ख) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले डिपोबाट खोटो प्रशोधन गर्ने उद्योग (कारखाना) स्थल सम्म लैजानको लागि प्रचलित कानून बमोजिम लाग्ने राजश्व दस्तुर बुझाई डिभिजन वन कार्यालयबाट अनुसूची-४ बमोजिमको चलानी पत्र र अनुसूची-५ बमोजिमको ढाँचामा छोडपूर्जी लिनु पर्ने।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम डिभिजन वन कार्यालयबाट चलानी पत्र र छोडपूर्जी साथ आएको खोटोको सव डिभिजन वन कार्यालय वा वन चेकपोष्टले त्यसरी दिइएको छोडपूर्जी र चलानी पत्रको आधारमा खोटोको चेकजाँच गरी चलानी पत्र अनुसार खोटोको परिमाण तथा अन्य कुराहरु दुरुस्त भएमा सक्कल चलानी पत्रको पछाडी दरपीट गरी छोडी दिनु पर्नेछ।

## परिच्छेद-५

## <u>तालिम तथा सुरक्षासम्बन्धी व्यवस्था</u>

१४. **<u>कर्मचारी तथा कामदारलाई तालिम दिनु पर्नेः</u>** (१) खोटो सङ्कलनको देहाय बमोजिमको कार्यमा संलग्न हुने कर्मचारी तथा कामदारलाई उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटो सङ्कलन कार्य सुरु गर्नु अघि त्यस्तो कामसँग सम्बन्धित तालिम दिनु पर्नेछः

(क) खोटो सङ्कलन गर्ने क्षेत्र तथा रुख छनौट कार्य,

(ख) कुप एवम् रिल निर्माण कार्य,

(ग) खोटो सङ्कलन, ढुवानी र घाटगद्दी सम्बन्धी कार्य,

(घ) नियन्त्रित आगो लगाउने कार्य,

(ङ) सरसफाई तथा सुरक्षा र खोटो सङ्कलन सम्बन्धी अन्य कार्य।

(२) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले उपदफा (१) बमोजिम तालिम सञ्चालन गर्दा डिभिजन वन कार्यालय वा वन सम्बन्धी प्रशिक्षण केन्द्रसँग समन्वय गरी गर्न सक्नेछ।

(३) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले वन संरक्षणमा स्थानीय नागरिकको चेतना अभिवृद्धि गर्न आवश्यकता अनुसार चेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्नु पर्नेछ।

(४) खोटो सङ्कलन सम्बन्धी कार्यमा तालिम प्राप्त भएको वा अनुभव प्राप्त भएको व्यक्तिलाई मात्र लगाउनु पर्नेछ।

१५. **<u>सरसफाई र सुरक्षाको व्यवस्था मिलाउनु पर्नेः</u>** उद्योग वा खोटो सङ्कलन गर्ने निकायले सरसफाई र सुरक्षा सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नु पर्नेछः-

(क) खोटो सङ्कलन कार्यमा संलग्न हुने कामदार तथा कर्मचारीको लागि सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्ने,

(ख) वनक्षेत्रलाई सफा राख्न पूनः प्रयोगमा नआउने र प्रयोग भइसकेका कुपीहरू वार्षिक रूपमा अर्को सिजनको शुरुमा अर्थात् माघ महिनाभित्र कामदारहरु लगाई त्यस्ता कुपीहरू सङ्कलन गरी हटाई सक्नु पर्ने,

(ग) अम्लको मिश्रण रिलहरूमा छर्कदा त्यसको छिर्का आँखा, हात तथा शरीरमा पर्नबाट रोक्न प्रत्येक कामदारलाई चस्मा, पञ्जा र एप्रोनजस्ता सामग्री उपलब्ध गराउनु पर्ने,

(घ) खोटो सङ्कलन कार्य गर्दा लाग्ने सानातिना घाउँ चोटपटकको उपचारका लागि मलहम, आयोडिन, कपास, पट्टीजस्ता प्राथमिक उपचारका सामग्री प्रत्येक डिपोमा अनिवार्य रुपमा राख्नु पर्ने,

(घ) खोटो सङ्कलन वा त्यससँग सम्बन्धित कार्यमा आवश्यक पर्ने कामदार बाहेक अन्य कामदारलाई वनक्षेत्रमा आवतजावत गर्न नदिने,

(ङ) कामको सिलसिलामा कामदारहरू वनमा हिँड्दा बाटोमा पर्ने बोट बिरुवालाई हानि नपुऱ्याउने आवश्यक व्यवस्था मिलाउने,

(च) वनक्षेत्रमा रहेका वन्यजन्तुलाई तर्साउने, लखेट्ने, मार्ने, तिनीहरुको वासस्थानलाई क्षति वा अन्य कुनै तवरले पनि हानि नोक्सानी नपुऱ्याउन आवश्यक व्यवस्था मिलाउने,

(छ) वन्यजन्तुलाई हानि नोक्सानी पुऱ्याउन सक्ने कुनै किसिमका हात हतियार वनक्षेत्रमा लैजान नदिने,

(ज) वनक्षेत्रभित्र रहेका मठ मन्दिर वा पुरातात्विक महत्वका सम्पदा एवम् वातावरण संरक्षणको दृष्टिले संवेदनशील क्षेत्रको कम्तिमा एकसय मिटर वरपर खोटो सङ्कलन कार्य नगर्ने नगराउने,

(झ) प्रचलित कानूनले निषेध गरेका कुनै पनि काम कारबाही गर्न वा हुन नदिन उचित व्यवस्था मिलाउने।

परिच्छेद-६

## पुनर्स्थापना कार्य र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१६. **पुनरुत्पादनको व्यवस्था मिलाउनु पर्नेः** (१) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटो सङ्कलन कार्यबाट खोटे सल्लाको प्रजातिको दिगो संरक्षण, सम्वर्द्धन र विकासमा पर्न सक्ने प्रतिकूल प्रभावलाई रोक्न तथा यसबाट पर्ने वातावरणीय प्रभावलाई न्यूनिकरण गरी दिगोरुपमा खोटो सङ्कलन गर्न सकिने अवस्थालाई सुनिश्चित गर्न डिभिजन वन कार्यालयले तोकिदिएको स्थानमा हरेक दश वर्षमा सम्भव भएसम्म खोटे सल्ला वा सो नभए अन्य प्रजातीको बिरुवा देहाय बमोजिमको क्षेत्रफलमा वृक्षारोपण गर्नु पर्नेछः-

(क) एक हजार मेट्रिक टन भन्दा कम परिमाणमा गर्दा न्यूनतम पाँच हेक्टर क्षेत्रफलमा,

(ख) एक हजार मेट्रिक टनभन्दा बढी परिमाणमा खोटो सङ्कलन गर्दा प्रति एक हजार मेट्रिक टन थप तीन दशमलव अठ्ठाइस हेक्टरको दरले।

(२) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले उपदफा (१) बमोजिमको कार्य सङ्कलन ईजाजत पाएको तेस्रो वर्षसम्ममा सम्पन्न गरी सक्नु पर्नेछ।

(३) डिभिजनल वन अधिकृत आफै वा निजले खटाएको प्राविधिकले उद्योग वा खोटो सङ्कलन गर्ने निकायलाई उपदफा (१) बमोजिम वृक्षारोपण गर्न खोटो सङ्कलन लागि उपलब्ध गराईएको क्षेत्र भित्रै वा सो क्षेत्रसँग जोडिएको उपयुक्त स्थान खोजी गरी उपलब्ध गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम वृक्षारोपण क्षेत्र छनौट गर्दा प्राकृतिक रुपमा नाङ्गो रहेको क्षेत्र र त्यस्तो स्थानको अभाव भएमा फाटफुट रुखमात्र भएको, प्राकृतिक पुनरुत्पादन राम्रो नभएको स्थानमा अभिवृद्धि वृक्षारोपण (इनरिचमेन्ट प्लान्टेसन) गर्न प्राथमिकता दिनु पर्नेछ।

(५) यस दफा बमोजिम वृक्षारोपण गर्दा लाग्ने सम्पूर्ण खर्च तथा वृक्षारोपण क्षेत्रको पाँच वर्षसम्म संरक्षण गर्नुपर्ने दायित्व सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकायको हुनेछ।

(६) वृक्षारोपण क्षेत्र भित्र हुर्केका अन्य जैविक स्रोतहरुले रोपिएका विरुवालाई प्रतिकूल असर नपार्ने गरी संरक्षण गरि राख्नु पर्नेछ।

(७) वृक्षारोपणको लागि गलत स्थान छनौट गरेका कारण वा अन्य कुनै लापरबाही वा जिम्मेवारीपूर्वक काम नगरेको कारणबाट वृक्षारोपण सफल हुन नसकेको देखिएमा सोको दायित्व सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकाय र डिभिजन वन कार्यालयको हुनेछ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उद्योग वा खोटो सङ्कलन गर्ने निकायले वृक्षारोपण गर्ने उपयुक्त स्थान नै उपलब्ध हुन नसकेमा प्रचलित नर्मस बमोजिम आफुले करारनामाको अवधिभरमा गर्नु पर्ने वृक्षरोपणको परिमाण (क्षेत्रफल) र सोको पाँच वर्षसम्म संरक्षण गर्न लाग्ने सम्पूर्ण खर्च बराबरको रकम सम्बन्धित डिभिजन वन कार्यालयको खातामा जम्मा गरी सो को एक प्रति बैंक भौचर डिभिजन वन कार्यालयमा बुझाउनु पर्नेछ।

१७. **वृक्षारोपणको प्रतिवेदन पेश गर्नु पर्नेः** (१) डिभिजन वन कार्यालयले दफा १६ बमोजिम गरिएको वृक्षारोपण सम्बन्धमा वृक्षारोपण सम्पन्न क्षेत्रको नाप नक्सा र प्रारम्भिक अवस्थाको चित्रण सहितको प्रगति प्रतिवेदन बार्षिक रुपमा प्रदेश वन निर्देशनालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन समेतको आधारमा प्रदेश वन निर्देशनालयले प्रदेशभरी भएको वृक्षारोपण एकिकृत प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम प्रतिवेदन पेश गर्दा दफा १६ को उपदफा (८) बमोजिम जम्मा भएको रकमको विवरण समेत उल्लेख गर्नु पर्नेछ।

१८. **<u>अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः</u>** (१) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटा सङ्कलनका सम्बन्धमा देहाय बमोजिमका कार्यहरु सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रत्यक्ष निगरानीमा गर्नु पर्नेछः-

(क) स्रोत सर्वेक्षण, खोटो सङ्कलन गर्ने क्षेत्र र रुखको छनौट,

(ख) रिल बनाउने, अम्लीय घोलको वनावट, घोलको प्रयोजन,

(ग) खोटो सङ्कलन, ढुवानी, घाटगद्दी तथा निकासी,

(घ) वृक्षारोपण एवम् पुनर्स्थापना,

(ङ) खोटो सङ्कलन नगरी छाड्नु पर्ने रुखको छनौट।

(२) सवडिभिजन वन कार्यालयले उपदफा (१) बमोजिमको कार्यको नियमित अनुगमन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा खोटो सङ्कलन सम्बन्धी कार्यमा कुनै किसिमको अनियमितता देखिएमा सम्बन्धित सवडिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयले तुरुन्त सोको रोकथाम, कारवाही वा आवश्यक सुधार समेतको व्यवस्था गरी त्यसको जानकारी प्रदेश वन निर्देशनालय र मन्त्रालयलाई दिनु पर्नेछ।

(४) सम्बन्धित डिभिजनल कार्यालयले उद्योग वा खोटो सङ्कलन गर्ने निकायहरुले खोटो सङ्कलन गर्ने कार्यको स्वीकृत प्रारम्भिक अध्ययन प्रतिवेदनमा उल्लेख भएका प्रावधान र डिभिजन वन कार्यालय वा सामुदायिक वन उपभोक्तासँग खोटो सङ्कलन गरेको सम्झौता अनुरूप कार्य गरे वा नगरेको नियमितरुपमा अनुगमन गरी सो र खोटो सङ्कलन तथा विक्री वितरण सम्बन्धी मासिक प्रगति विवरण अनुसूची-६ बमोजिमको ढाँचामा प्रदेश वन निर्देशनालयमा पठाउनु पर्नेछ।

(५) प्रदेश वन निर्देशनालयले उपदफा (४) बमोजिमको अनुगमन र खोटो सङ्कलन तथा वितरण सम्वन्धी प्रगति विवरण समेतको आधारमा प्रदेश भरीको प्रगति प्रतिवेदन प्रत्येक दुई महिना मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) सम्बन्धित डिभिजनल वन अधिकृतले खोटो सङ्कलन सम्बन्धी कार्यको वार्षिक अनिवार्य रुपले शत प्रतिशत क्षेत्र वृक्षारोपण, र्‍याण्डम स्याम्पलिङ्गको माध्यमबाट र्‍याण्डम नम्बर प्रयोग गरी कम्तीमा दश प्रतिशत खोटो सङ्कलन नगरी छाडेको रुखहरु, सोहि र्‍याण्डम तालीकाको प्रयोगवाट खोटो सङ्कलन गरेको रुखहरुमध्ये कम्तीमा एक प्रतिशत स्थलगत निरीक्षण गरी समग्र अवस्था, निरीक्षण गरेका रुखको नम्बर लगायतका वन क्षेत्रमा परेको समग्र प्रभाव समेतको वास्तविकता खुलेको स्पष्ट र तथ्यपरक स्थलगत प्रतिवेदन तयार गरी प्रदेश वन निर्देशनालयमा पठाउनु पर्नेछ।

(७) प्रदेश वन निर्देशकले वा निजले खटाएको कर्मचारीबाट खोटो सङ्कलन गरिएका रुखहरु मध्ये कम्तिमा शुन्य दशमलव एक प्रतिशत रुखहरु र्‍याण्डम तालिकाको प्रयोग गरी वार्षिक रुपले स्थलगत निरीक्षण गर्नु गरी सोको र उपदफा (६) बमोजिमको प्रतिवेदनको

विवरण समेत समावेश गरी वार्षिक रुपमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(८) प्रदेश वन निर्देशनालयले उपदफा (७) बमोजिमको स्थलगत निरीक्षणको कार्य प्रत्येक माघ मसान्तभित्र उद्योग वा खोटो सङ्कलन गर्ने निकायको प्रतिनिधि र डिभिजन वन कार्यालयको प्रतिनिधिको रोहवरमा गरि सक्नु पर्नेछ र त्यसरी अनुगमन गर्दा अनुसूची-७ बमोजिमको ढाँचा गर्नु पर्नेछ।

(९) मन्त्रालयले आवश्यकता अनुसार खोटो सङ्कलन कार्य अनुगमन गर्न सक्नेछ यसरी अनुगमन गर्दा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, प्रचलित कानून वा यस कार्यविधि बमोजिम भए गरिएको नदेखिएमा सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकायलाई प्रचलित कानून बमोजिम कारवाही गर्न वा गराउन सक्नेछ।

परिच्छेद-७

## अग्नि नियन्त्रण सम्बन्धी व्यवस्था

१९. **अग्नि नियन्त्रण सम्बन्धी व्यवस्था मिलाउनु पर्नेः** (१) सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटो सङ्कलन क्षेत्र, अन्य वन क्षेत्र, खोटो सङ्कलन गर्ने डिपो एवम् घाटगद्दीमा आगलागी हुन नदिन अग्नि नियन्त्रणको उचित प्रबन्ध मिलाउनुका साथै देहाय बमोजिमका कार्य अन्य कार्य गर्नु पर्नेछः-

(क) खोटे सल्लाका वनमा थुप्रिएर रहेका सल्लेपिर नियमित रूपमा सफा गर्ने र त्यस्तो सल्लेपिर नजिकको खोल्सा खोल्सीमा थुपार्ने वा नियन्त्रित आगो लगाउने,

(ख) सुख्खा याममा बाहिर हावा लाग्ने ठाउँमा कामदारहरुलाई जथाभावी आगो बालेर खाना पकाउन नदिने र खाना पकाई सकेपछि बालेको आगो राम्ररी निभाउन लगाउने,

(ग) वन क्षेत्रमा कामदारहरुले चुरोट, बिडी जस्ता पदार्थ खाएर ठूटो ननिभाईकन जथाभावी फाल्न नदिने,

(घ) मट्टितेल, डिजेल, मोविल, पेट्रोल प्रयोग गर्दा तथा खोटो सङ्कलन, ढुवानी र घाटगद्दी गर्दा जथाभावी पोखिने गरी नगर्ने,

(ङ) खोटो सङ्कलन क्षेत्रमा अग्नी रेखाको निर्माण गर्न वनभित्र रहेका गोरेटो बाटोहरुमा भएका पातपतिङ्गर गर्मी याम अगाडि नै सफा गर्ने,

(च) खोटोको भण्डारण सम्भव भएसम्म वन क्षेत्र बाहिर खुल्ला ठाँउमा गर्ने र आगलागिबाट सुरक्षित राख्न सधैं सफासुग्घर राख्ने,

(छ) डिपो एवं घाटगद्दीमा रहेको खोटो आगलागीबाट जोगाउन वरिपरिको पातपतिङ्गरलाई निरन्तर रुपमा सफा गरी राख्ने र आगलागी नियन्त्रणका लागि पालो पहराको गर्ने,

(ज) वन क्षेत्र, डिपो एवम् घाटगद्दीमा कुनै कारणबाट आगो लाग्न गएमा कर्मचारी र कामदारहरु सबै मिली तुरुन्तै निभाउने र ठूलो आगो लागेमा स्थानीय नागरिकको समेत सहयोग लिई आगो निभाउने,

(झ) वन क्षेत्रमा भएको आगलागीको जानकारी तुरुन्त सम्बन्धित डिभिजन वन कार्यालयलाई दिने।

(२) डिभिजनल वन अधिकृतलाई पनि आगलागि भएको जानकारी प्राप्त भएमा क्षति हुन नदिन आवश्यक प्रबन्ध तत्काल मिलाई त्यस्तो वन क्षेत्रको निरीक्षण आफैले वा आफ्नो मातहतको कर्मचारी खटाई आगलागीको क्षेत्रफल र हानी नोक्सानीको परिमाण यकिन गर्नु गराउनु पर्नेछ।

परिच्छेद-८

**<u>विविध</u>**

२०. **<u>खोटो सङ्कलन गर्ने उद्योग वा निकायले पालना गर्नु पर्ने शर्त</u>:** उद्योग वा खोटो सङ्कलन गर्ने निकायले देहाय बमोजिमका शर्तहरुको पालना गर्नु पर्नेछ:-

(क) आफैं वा आफ्नो कुनै कामदारबाट वनमा कुनै अनियमित कार्य नगर्ने, नगराउने,

(ख) सम्बन्धित डिभिजन वन कार्यालयले चार किल्ला तोकी दिएको वन क्षेत्रमा डिभिजन वन कार्यालयको स्वीकृत वन व्यवस्थापन कार्ययोजनामा उल्लेख भएको अवधिभर सङ्कलन हुने खोटोको परिमाणको सिमाभित्र मात्र सङ्कलन तथा बिक्री वितरण गर्नु पर्ने,

(ग) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटो सङ्कलन र ढुवानी कार्यको लागि स्थानीय महिला र दलितलाई कुनै भेदभाव नगरी प्राथमिकता दिई काममा लगाउनु पर्ने,

(घ) खोटो सङ्कलन, ढुवानी, घाटगद्दी लगायतका सम्पूर्ण कार्यहरु उद्योग वा खोटो सङ्कलन गर्ने निकायको आफ्नै खर्चमा गर्नु पर्ने,

(च) उद्योग वा खोटो सङ्कलन गर्ने निकायले खोटो सङ्कलन गर्ने वन क्षेत्र तथा रुख छनौट, रिल निर्माण, खोटो सङ्कलन, ढुवानी एवं घाटगद्दी लगायतका सम्पूर्ण कार्यहरुमा खटाईएका कामदार, सुपरभाईजर, सहायक सुपरभाईजर लगायतका सबै कर्मचारीहरुको तीन पुस्ते विवरण अनुसूची-८ बमोजिमको ढाँचामा काम प्रारम्भ गर्नु अगावै सम्बन्धित डिभिजन वन कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्ने,

(छ) खोटो सङ्कलनमा संलग्न हुने कर्मचारी एवम् कामदारहरुलाई अनुसूची-९ बमोजिमको ढाँचामा फोटो सहितको परिचय पत्र अनिवार्य रुपले उपलब्ध गराउनु पर्ने।

२१. **<u>खोटो सङ्कलन सम्बन्धमा डिभिजन वन कार्यालयको जिम्मेवारी</u>:** खोटो सङ्कलन कार्य गर्ने गराउने सम्बन्धमा डिभिजन वन कार्यालयको जिम्मेवारी देहाय बमोजिमको हुनेछ:-

(क) कुनै जिल्लामा दुई वा दुई भन्दा बढी उद्योग वा खोटो सङ्कलन गर्ने निकायलाई खोटो सङ्कलन गर्ने वन क्षेत्र उपलब्ध गराउँदा सम्भव भएसम्म प्राकृतिक सिमानाहरुलाई आधार मानी छुट्याउने,

(ख) वन भित्रै बसी खोटो सङ्कलन गर्ने कामदारलाई खाना पकाउने दाउरा आवश्यक परेमा स्वीकृत वन व्यवस्थापनक कार्ययोजनाको अधीनमा रही नियमानुसारको दस्तुर लिई सुकेका दाउरामात्र प्रयोग गर्न दिन दिने,

(ग) वन मुद्दाको कारबाहीको सिलसिलामा बरामद भएको खोटो सो मुद्दाको किनारा लागेपछि कसूर नठहरेमा सङ्कलन गर्ने व्यक्ति वा निकायलाई दिनु पर्ने र त्यस्तो खोटो जफत हुने ठहरिएमा वा बेवारिसी खोटो भएमा वा यस्तै प्रकृतीको खोटो प्राप्त हुन आई प्रदेश सरकारको हुने ठहर भएमा प्रचलित वन पैदावार लिलाम बिक्री वितरण सम्बन्धी कार्यविधि वा निर्देशिका बमोजिम लिलाम बिक्री गर्ने,

(घ) यस कार्यविधि निर्देशिकामा उल्लिखित व्यवस्थाको पालन गर्ने वा गराउने,

(ङ) सङ्कलन एवं निकासी गर्न लागेको वा बिक्री वितरण भएको खोटोको निरीक्षण गर्ने गराउने।

२२. **खोटो सङ्कलन कार्यको अन्तिम जाँच सम्बन्धी व्यवस्थाः** (१) खोटो सङ्कलन गर्ने जिल्ला वा क्षेत्रमा खोटो सङ्कलन, घाटगद्दी र छोडपूर्जी आदि सम्पूर्ण कार्य सम्पन्न भएपछि डिभिजन वन कार्यालय र खोटो सङ्कलन गर्ने उद्योग वा निकायले तोकेको प्रतिनिधिको उपस्थितिमा प्रदेश वन निर्देशक वा निजले खटाएको कर्मचारीले खोटो सङ्कलन गर्ने करारनामाको अवधि समाप्त भएपछि वा खोटो सङ्कलन गर्ने कार्य छोड्ने अवस्था भएमा सो बखत अन्तिम जाँच गर्नु पर्नेछ यसरी अन्तिम जाँच गर्दा अनुसूची-१० बमोजिमको फारम प्रयोग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तिम जाँच गर्दा नियमानुसार गरिनु पर्ने कामहरु भए गरेको नपाइएमा सम्बन्धित उद्योग वा खोटो सङ्कलन गर्ने निकायलाई प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीले कारवाही गर्नु पर्नेछ।

२३. **यसै कार्यविधि बमोजिम हुनेः** यो कार्यविधि लागू हुनु पूर्व नेपाल सरकारबाट स्वीकृत प्रचलित खोटो सङ्कलन सम्बन्धी कार्यविधि बमोजिम भए गरिएका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

२४. **संशोधन वा हेरफेरः** (१) प्रदेश सरकारले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

(२) मन्त्रालयले अनुसूचीमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

**अनुसूची-१**

(दफा ६ को उपदफा (६) सँग सम्बन्धित)

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्याल........................

**<u>रुख गणनाको रजिष्टर</u>**

आ. व. ...........

डिभिजन वन कार्यालयः ..................... सब-डिभिजन वन कार्यालयः .........................नगर/गाउँ पालिका ....................वडा नं. ....... वनको नामः-.....................कुप नं. ....................... कुपको क्षेत्रफल............
चार किल्लाः पूर्व ............... पश्चिम ............... उत्तर........................दक्षिण.........................................
गणना गरिएको वर्ष र महिनाः- ............... रुख गणनामा प्रयोग भएको रङ्ग ..................................................
खोटो सङ्कलन गर्न लायक जम्मा रुखको संख्याः.......................................................................................
खोटो संकलन गर्न लायक भएका तर खोटो संकलन नगरी छोडिएका जम्मा रुखको संख्याः...............................

**उद्योग वा खोटो सङ्कलन गर्ने निकायको नाम र ठेगानाः ..................................**

| रुख नं. | छातिको उचाईमा रुखको व्यास (से.मी.) | कैफियत |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

**<u>रुख गणना गर्ने कामदारको विवरण</u>**,-
नामः
दर्जाः

**<u>सव डिभिजन वन कार्यालयको तर्फबाट चेक जाँच गर्ने</u>**,-
१..............................................
२. ..........................................

**<u>डिभिजन वन कार्यालयको तर्फबाट चेकजाँच गर्ने</u>**,-
१. ....................................................
२. .......................................................

| पेश गर्ने | चेक जाँच गर्ने/सिफारिश गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| ................ | ........................ | ........................ |
| (सुपरभाइजर) | (रेञ्जर/व.अ.) | (डिभिजनल वन अधिकृत) |

**अनुसूची-२**

(दफा ६ को उपदफा (७) र दफा ७ को उपदफा (४) सँग सम्बन्धित)

**खोटो सङ्कलन गर्ने रुखको नम्बरिङ्ग गर्ने नमूना**

कुप नं.– १
रुख नं.–१२
गोलाई– ४ फिट
वर्षः– ......................

**खोटो संकलन गर्न लायक रुख तर खोटो सङ्कलन नगरी छोड्ने रुखको नम्बरिङ्ग गर्ने नमूना**

कुप नं.ः– १
रुख नं.–कुप नं./छोडेको रुख नं. (१/३)
गोलाई– ४ फिट
वर्षः– .............................

**अनुसूची-३**

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# प्रदेश वन निर्देशनालय

# डिभिजन वन कार्यालय.....................

**सङ्कलन नगरी छोडिएका रुखको विवरण राख्ने रजिष्टर**

डिभिजन वन कार्यालयः............................सब-डिभिजन वन कार्यालयः............गा.पा./न.पा. .............वडा नं. ....... वनको नामः-..................................................कुप नं. ....कुपको क्षेत्रफल..........................
चार किल्लाः पूर्व ............... पश्चिम ........................ उत्तर ..........................दक्षिण .................
गणना गरिएको वर्ष र महिनाः– ................................... रुख गणनामा प्रयोग भएको रङ्ग .......................
खोटो सङ्कलन गर्न लायक भएका तर खोटो संकलन नगरी छोडिएका जम्मा रुखको संख्याः.........................

**उद्योग वा खोटो सङ्कलन गर्ने निकायको नाम र ठेगानाः .................................**

| रुख नं. | छातिको उचाईमा रुखको व्यास (से.मी.) | उचाई (मिटर) | छत्र व्यास (मीटर) | वर्ग (स्तर) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |

**रुख गणना गर्ने कामदारको विवरण**,-
नामः
दर्जाः

**सव डिभिजन वन कार्यालयको तर्फबाट चेक जाँच गर्ने**,-
१.............................................
२. ..........................................

**डिभिजन वन कार्यालयको तर्फबाट चेकजाँच गर्ने**,-
१. ................................................
२. ....................................................

पेश गर्ने
................
(सुपरभाइजर)

चेक जाँच गर्ने/सिफारिश गर्ने
........................
(रेञ्जर/व.अ.)

प्रमाणित गर्ने
........................
(डिभिजनल वन अधिकृत)

**अनुसूची-४**

(दफा १३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**कर्णाली प्रदेश सरकार**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश वन निर्देशनालय

**डिभिजन वन कार्यालय, ......**

**खोटो निकासीको लागि मात्र चलानी पुर्जीको नमूना**

चलानी नं. ............ छोड पूर्जीको च. नं. .....

चलानी मिति ................. छोडपूर्जीको मितिः ...

छोडपूर्जीको टिन संख्याः ..........परिमाणः ..........कि. ग्रा.................

सवारी साधनको किसिम र नम्बरः .....................ड्राईभरको नामः .................

कहाँ देखिः ............................. कहाँसम्म (कारखाना स्थान) .................. ।

**छोडपूर्जी पाउनेको नाम र ठेगाना (उद्योग वा निकायको नाम र ठेगाना)** ............. ..

| चलानी नं. | कुप नं. | संकलन गर्ने कामदारको नाम | ढुवानी गर्ने कामदारको नाम | डिपो नं. | ढुवानी गरेको टिन संख्या | ढुवानी गर्ने टिनको सि.नं. हरु र तौल |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

पेश गर्ने — चेक जाँच गर्ने/सिफारिश गर्ने — प्रमाणित गर्ने

................ ........................ ..................................

(सुपरभाइजर) (रेञ्जर/व.अ.) (डिभिजनल वन अधिकृत)

**अनुसूची-५**

(दफा १३ को उपदफा (१) को खण्ड (ख) सँग सम्बन्धित)

**कर्णाली प्रदेश सरकार**

प्रदेश वन निर्देशनालय

**डिभिजन वन कार्यालय, ......**

**खोटोको छोडपुर्जी**

पत्र संख्याः-

चलानीः- मितिः

**विषयः खोटोको छोडपूर्जी दिएको वारे।**

श्री ...........................

डिभिजन वन कार्यालय, ............. को मिति ..................... को छोडपत्र नं. ............. अनुसार तपसिल बमोजिमको खोटोको लाग्ने रकम नगदी नं. ........÷भौचर नं. .......... बाट रु. ................(अक्षेरुपी .........) प्राप्त भैसकेको हुंदा आजको मितिले ............ दिन भित्र सो खोटो उठाई लैजानु होला। म्याद भित्र खोटो उठाई नलगी हिनामिना भएमा सो को जिम्मेवार स्वयं तपाई नै हुने र तोकिएको प्रयोजन र स्थानमा नलगी अनियमित भए गरेमा कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

| **चलानी नं.** | **कुप नं.** | **डिपो नं.** | **ढुवानी गरेको टिन संख्या** | **ढुवानी गर्ने टिनको सि.नं. हरु र तौल** | **घाटगद्दी** | **चलानी नं.** |
|---|---|---|---|---|---|---|
| | | | | | | खोटोको नापी लगत यसै साथ संलग्न छ |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

......................................

................................

डिभिजनल वन अधिकृत

वोधार्थः

श्री डिभिजन वन कार्यालय, ............. (पुग्ने ठाउँको)

श्री ................ सब-डिभिजन वन कार्यालयः- कर्मचारीको रोहवरमा लोड गराई दरपिठ गरी पठाउंनु हुन ।

श्री लेखा शाखा,

**अनुसूची -६**

(दफा १८ को उपदफा (४) सँग सम्बन्धित)

**खोटो संकलन सम्बन्धी मासिक प्रगति प्रतिवेदन फाराम**

**डिभिजन वन कार्यालय, ......**

**आ. व. २०८०।०८ ........................... महिनाको खोटो संकलन प्रगति प्रतिवेदन**

**(१) खोटो संकलन विवरण**

**(क) सरकारद्वारा व्यवस्थित वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | खोटो संकलन गरेको वनको नाम | टेपिङ्ग रुख संख्या | संकलित खोटोको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**(ख) सामुदायिक वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | खोटो संकलन गरेको वनको नाम | टेपिङ्ग रुख संख्या | संकलित खोटोको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**(२) छोडपूर्जीको विवरण**

**(क) सरकारद्वारा व्यवस्थित वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | छोडपूर्जी भएको परिमाण (कि. ग्रा.) | जम्मा राजश्व (रु) | घाटगद्दीमा रहेको छोडपूर्जी हुन बाँकी परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

**(ख) सामुदायिक वनमा**

| सि. नं. | उद्योगको नाम र ठेगाना | छोडपूर्जी भएको परिमाण (कि. ग्रा.) | जम्मा राजश्व/आम्दानी (रु) | घाटगद्दीमा रहेको छोडपूर्जी हुन बाँकी परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |

<u>पेश गर्ने</u>

...............

दर्जाः ...

मितिः

<u>प्रमाणित गर्ने</u>

..........................

(डिभिजनल वन अधिकृत)

मितिः

## अनुसूची-७

(दफा १८ को उपदफा (८) सँग सम्बन्धित)

### वार्षिक अनुगमन तथा मूल्याङ्कन फाराम

आर्थिक वर्षः

डिभिजन वन कार्यालयः ..................... सब-डिभिजन वन कार्यालयः .................गा.पा./न.पा. ..............
वडा नं. ....... वनको नामः– ................................................. कुप नं. .... कुपको क्षेत्रफल........... चार किल्लाः पूर्व ............... पश्चिम .................................. उत्तर ........................दक्षिण ..................
गणना गरिएको वर्ष र महिनाः– ............... रुख गणनामा प्रयोग भएको रङ्ग .......................................
खोटो संकलन गर्न लायक भएका तर खोटो संकलन नगरी छोडिएका जम्मा रुखको संख्याः........................

**छोडपूर्जी पाउनेको नाम र ठेगाना (उद्योग वा निकायको नाम र ठेगाना) .............. ..**

| सि. नं. | रुख नं. | छातिको उचाईमा रुखको व्यास (से.मी.) | छत्र व्यास (मीटर) | संकलित खोटोको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

- स्थलगत निरीक्षण गरिएका कूपहरुको संख्या र नम्बरः .......................
- रिल निर्माण तोकिए बमोजिमको विधिबाट गरेको/नगरेकोः .....................
- अनियमितरुपबाट खोटो संकलन गर्दा मर्न गएका रुखहरुको संख्याः ..................
- खोटो संकलन तथा ढुवानी गर्ने कार्यमा स्थानीय बासिन्दाहरुको संलग्नता भए÷नभएको
- संकलन भएको खोटोको जम्मा परिमाणः ............कि. ग्रा.
- छोडपूर्जी भएको खोटोको जम्मा परिमाण र प्राप्त राजश्व विवरणः .......कि. ग्रा., रु. .........
- घाटगद्दीमा रहेको खोटोको जम्मा परिमाणः .............कि. ग्रा.
- वृक्षरोपण गर्नुपर्ने नपर्ने र गरेको भए सो को क्षेत्रफलः .............. हेक्टर
- वृक्षरोपण क्षेत्रमा लगाइएका मध्ये बाँचेका विरुवा प्रतिशतः..........
- वृक्षरोपणको समग्र गुणस्तरः अति उत्तम, उत्तम सामान्य र न्यून
- स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएका
- अन्य तोकिएका शर्तहरु बमोजिम कार्य नभएको भए सोको विवरणः
- समग्रमा खोटो संकलन, ढुवानी र घाटगद्दी, निकासी लगायत कार्यहरु नियमित रुपमा भए नभएको
- केही राय सुझावहरु भए उल्लेख गर्नेः

| **खोटो सङ्कलन गर्ने उद्योग वा निकायको कर्मचारीको,-** | **डिभिजन वन कार्यालयको तर्फबाट रोहवरमा वस्ने कर्मचारीको,-** | **अनुगमन तथा मूल्याङ्कन गर्ने निकायको प्रतिनिधी/ कर्मचारीको,-** |
|---|---|---|
| नामः | नामः | नामः |
| दर्जाः | दर्जाः | दर्जाः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |

## अनुसूची-८

(दफा २० को खण्ड (च) सँग सम्बन्धित)

**खोटो संकलन कार्यमा खटाईएका सम्पूर्ण कामदार लगायतका कर्मचारीहरुको तीन पुस्ते विवरण फाराम**

आर्थिक वर्ष:

उद्योग वा खोटो संकलन गर्ने निकायको नाम र ठेगानाः ......................................

डिभिजन वन कार्यालयः............ सव डिभिजनः ................घाटगद्दी स्थानः...........

वनको नामः ...............वन खण्डको नाम र  नं.......... मितिः............

| सि. नं. | कर्मचारीको नाम, थर | दर्जा | उमेर | लिङ्ग | बाबुको नाम, थर | बाजेको नाम, थर | स्थायी ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सुपरभाईजरको नामः ........
हस्ताक्षरः .......
मितिः.....

मेनेजरको नामः..........
हस्ताक्षरः.......
मितिः ...........

**अनुसूची -९**

(दफा २० को खण्ड (छ) सँग सम्बन्धित)

**परिचय-पत्र**

परिचय पत्र नं.

...........................रोजिन एण्ड टर्पेन्टाइन इण्डष्ट्रिज (प्रा.) लि.

.............

## परिचय-पत्र

नामः ...........................................

ठेगानाः ........................................

दर्जाः ...........................................

जारी गरेको मितिः .........................

...................

प्रमाणपत्र लिनेको दस्तखतः

.......................

प्रमाणित गर्नेको दस्तखतः

## नविकरण

| देखि | सम्म | नविकरण गर्नेको सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची-१०

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

**डिभिजन वन कार्यालय, ......**

**अन्तिम जाँच गर्ने फाराम**

| |
|---|
| सब डिभिजन वन कार्यालयः ..........गा.पा./न.पा. .........वडा नं. ....... वनको नामः- ............ वनको क्षेत्रफल ............चार किल्लाः पूर्व ..........पश्चिम ..............उत्तर.............. दक्षिण ................... स्रोत सर्वेक्षण गरिएको वर्ष र महिनाः- ........ खोटो संकलन गर्न लायक जम्मा रुखको संख्या............. खोटो संकलन गर्न लायक तर खोटो संकलन नगरी छोडिएको जम्मा रुखको संख्या............. |

**(क) खोटो संकलन गरेका रुखहरुको विवरणः**

| सि. नं. | रुखको नम्बर | छातिको उचाईमा रुखको व्यास (से.मी.) | छत्र व्यास (मीटर) | संकलित खोटोको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(ख) खोटो संकलन नगरी छोडिएका रुखहरुको विवरणः**

| सि. नं. | रुखको नम्बर | उचाई (मी.) | छातिको उचाईमा रुखको व्यास (से.मी.) | छत्र व्यास (मीटर) | रुखको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

**(ग) खोटो संकलन सम्बन्धी अन्य विवरणः**

- स्थलगत निरीक्षण गरिएका कूपहरुको संख्या र नम्बरः
- रिल निर्माण तोकिए बमोजिमको विधिबाट गरेको/नगरेको
- अनियमितरुपबाट खोटो संकलन गर्दा मर्न गएका रुखहरुको संख्याः
- खोटो संकलन तथा ढुवानी गर्ने कार्यमा स्थानीय बासिन्दाहरुको संलग्नता भए/नभएको
- वृक्षरोपण गर्नुपर्ने भए के कति क्षेत्रफलमा गरेकोः .......... हेक्टर
- वृक्षरोपण क्षेत्रमा लगाइएका मध्ये बाँचेका विरुवा प्रतिशतः .........
- वृक्षरोपणको समग्र गुणस्तरः अति उत्तम/उत्तम/ सामान्य/न्यून
- स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएका र अन्य तोकिएका शर्तहरु बमोजिम कार्य भए नभएकोः ......
- स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख भएका र अन्य तोकिएका शर्तहरु बमोजिम कार्य नभएको भए सोको विवरणः
- समग्रमा खोटो संकलन, ढुवानी र घाटगद्दी लगायत निकासी कार्यहरु नियमित रुपमा भए/नभएको
- केही राय सुझावहरु भए उल्लेख गर्नेः

| **खोटो सङ्कलन गर्ने उद्योग वा निकायको कर्मचारीको,-** | **डिभिजन वन कार्यालयको तर्फबाट रोहवरमा वस्ने कर्मचारीको,-** | **अनुगमन तथा मूल्याङ्कन गर्ने निकायको प्रतिनिधी/ कर्मचारीको,-** |
|---|---|---|
| नामः | नामः | नामः |
| दर्जाः | दर्जाः | दर्जाः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |